# जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड

## खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९।११।१२)**

यस कम्पनीमा रिक्त रहेका देहाय बमोजिमका पदहरु खुला तथा समावेशी प्रतियोगिताद्वारा स्थायी रुपमा पदपूर्ति गर्न लोक सेवा आयोगबाट मिति २०७९।११।०७ मा सहमति प्राप्त भए अनुसार देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिनभित्र अनलाईन दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा, समूह | किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | ११।२०७९।८० | उप प्रवन्धक | ७ | प्राविधिक/ वोटानी | खुला | १ |
| २. | १२।२०७९।८० | उप प्रवन्धक | ७ | प्राविधिक/कृषि | खुला | १ |
| ३. | १३।२०७९।८० | अधिकृत | ६ | प्रशासन /प्रशासन | खुला | १ |
| ४. | १४।२०७९।८० | | | | महिला | १ |
| ५. | १५।२०७९।८० | योजना अधिकृत | ६ | प्रशासन /प्रशासन | खुला | १ |
| ६. | १६।२०७९।८० | अधिकृत | ६ | प्रशासन /लेखा | खुला | १ |
| ७. | १७।२०७९।८० | अधिकृत | ६ | प्राविधिक /फार्मेसी | खुला | १ |
| ८. | १८।२०७९।८० | सूचना प्रविधि अधिकृत | ६ | प्राविधिक | खुला | १ |
| ९.. | १९।२०७९।८० | वरिष्ठ सहायक | ५ | प्रशासन /प्रशासन | खुला | १ |
| १०. | २०।२०७९।८० | | | | महिला | १ |
| ११. | २१।२०७९।८० | वरिष्ठ सहायक | ५ | प्रशासन /लेखा | खुला | १ |
| १२. | २२।२०७९।८० | | | | महिला | १ |
| १३ | २३।२०७९।८० | जुनियर टेक्निसियन (जे.टी) | ५ | प्राविधिक /कृषि | खुला | ३ |
| १४ | २४।२०७९।८० | | | | महिला | १ |
| १५ | २५।२०७९।८० | | | | आ.ज. | १ |
| १६ | २६।२०७९।८० | वरिष्ठ सहायक | ५ | प्राविधिक/केमेष्ट्रि | खुला | १ |
| १७ | २७।२०७९।८० | मेकानिकल ओभरसियर | ५ | प्राविधिक/इन्जिनीयरिङ | खुला | १ |
| १८ | २८।२०७९।८० | सहायक | ४ | प्रशासन /प्रशासन | खुला | ३ |
| १९ | २९।२०७९।८० | | | | महिला | १ |
| २० | ३०।२०७९।८० | | | | आ.ज. | १ |
| २१ | ३१।२०७९।८० | व्वाईलर अपरेटर | ४ | प्राविधिक/इन्जिनीयरिङ | खुला | १ |
| २२ | ३२।२०७९।८० | | | | महिला | १ |
| २३ | ३३।२०७९।८० | सहायक मेकानिक्स | ४ | प्राविधिक/इन्जिनीयरिङ | खुला | १ |

**आवश्यक शैक्षिक योग्यता र अनुभवः**

१. **उप प्रवन्धक(वोटानी) सातौं तहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट विज्ञान संकाय अन्तर्गत वनस्पति शास्त्रमा स्नातकोत्तर तह उर्त्तिण गरेको

२. **उप प्रवन्धक(कृषि) सातौं तहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय अन्तर्गत वालि विज्ञान मूल विषय लिई वा वन विज्ञान अन्तर्गत एग्रोफरेष्ट्रि मूल विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरेको ।

३. **अधिकृत (प्रशासन) छैठौं तहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उर्त्तीण गरेको

४. **अधिकृत(योजना) छैठौं तहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र, व्यापार प्रशासन, अर्थशास्त्र, वित्त व्यवस्थापन, लेखा, गणित वा तथ्यांकशास्त्र मध्ये कुनै एक मूल विषय लिई स्नातक वा सो सरह उत्तिर्ण गरेको ।

५. **अधिकृत (लेखा) छैठौ तहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र, व्यापार प्रशासन, अर्थशास्त्र, वित्त व्यवस्थापन, लेखा, गणित वा तथ्यांकशास्त्र मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तिर्ण गरेको ।

६. **अधिकृत (फार्मेसि) छैठौ तहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट फार्मेसि विषयमा स्नातक तह उत्तिर्ण गरेको ।

७. **अधिकृत (सूचना प्रविधि) छैठौं तहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि (IT) विषयमा स्नातक वा सो सरह उर्त्तिण गरेको ।

८ **वरिष्ठ सहायक (प्रशासन) तह पाँचौः** मान्यताप्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा उर्त्तीण परीक्षामा (एस.एल..ई )कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एवं प्रयोगात्मक) न्यूनतम D+र CGPA 1.6 हासिल गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

८. **वरिष्ट सहायक (लेखा) तह पाँचौः** मान्यताप्राप्त शिक्षण संस्थाबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र, व्यापार प्रशासन, अर्थशास्त्र, वित्त व्यवस्थापन, लेखा मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको ।

९. **वरिष्ट सहायक जुनियर टेक्निसियन (जे.टी) तह पाँचौं**: मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान अन्तर्गत वाली विज्ञान मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उर्त्तिण गरेको ।

१०. **वरिष्ट सहायक (केमेष्ट्रि) तह पाँचौं**: मान्यताप्राप्त शिक्षण संस्थाबाट विज्ञान संकाय अन्तर्गत केमेष्ट्रि मुख्य विषय लिई प्रमाणपत्र तह वा सो सरह उर्त्तिण गरेको ।

११. **मेकानिकल ओभरसियर तह पाँचौं**: मान्यताप्राप्त शिक्षण संस्थाबाट मेकानिकल विषयमा प्रमाणपत्र वा सो सरह उर्त्तिण गरेको ।

१२. **सहायक (प्रशासन) तह चौथौं**: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई.मा कम्तीमा जि.पि.ए.दुई वा सो भन्दा माथि ग्रेड प्वाइन्ट वा एस.एल.सी. वा सो सरह उर्त्तिण गरेको ।

१३. **व्वाईलर अप्रेटर तह चौथौं**: मान्यताप्राप्त शिक्षण संस्थाबाट स्टिम व्वाइलर सन्चालन सम्वन्धि विषयमा प्रवेशिका वा सो सरह उर्त्तिण गरेको ।

१४. **सहायक मेकानिक्स तह चौथौं**: मान्यताप्राप्त शिक्षण संस्थाबाट मेकानिकल विषयमा प्रवेशिका वा सो सरह उर्त्तिण गरेको ।

**नोटः**

१. दरखास्त फाराम जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको www//hppcl.com.np वेवसाइटमा रहेको अनलाईन दरखास्त (https://hppcl.com.np/vacancy/ वा hppcl.com.np/vacancy) मा गई आवश्यक विवरण भरी उक्त प्रणालीमा रहेका Connect IPS वा Khalti सेवा मार्फत सम्वन्धित पदको लागि तोकिए बमोजिमको दस्तुर भुक्तानी गरी अनलाईन दरखास्त फाराम भर्न सकिनेछ ।

२. परीक्षादस्तुरः- चौथौं तहको लागि रु.५००।- पाँचौं तहको लागि रु.७००।-, छैठौ तहको लागि रु.१,२००।-, र सातौं तहको लागि रु.१५,००।-लाग्नेछ । एक उम्मेदवारले एकै पदको खुला तथा समावेशी समुहमा सहभागी हुने भएमा प्रत्येक थप समुहको लागि चौथो तहको लागि रु.१००, पाँचौ तहको लागि रु १५०, छैठौ तहको लागि रु. २५० र सातौं तहको लागि रु. ३०० थप परीक्षा दस्तुर लाग्नेछ ।

३. **दरखास्तको लागि अयोग्यताः**

(क) खुला प्रतियोगिताबाट पूर्ति हुने पदमा तोकिएको उमेर नपुगेको तथा उमेरको उपल्लो हद नाघेको (ख) नेपाल सरकार वा कुनै संगठित संस्थाबाट वा कम्पनीको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएको (ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार प्रमाणित भएको (घ) गैर नेपाली नागरिक (ङ)मानसिक सन्तुलन ठीक नभएको (च) आवश्यक न्यूनतम शैक्षिक योग्यता पुरा नगरेको (छ) निलम्वनमा रहेको (ज) विदेशी मुलुकमा स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिको लागि आवेदन दिएको (झ) कम्पनीको कुनै सेवाको समान तहमा स्थायी कर्मचारी रहेको ।

४. **दरखास्तको लागि उमेरको हदः**

(क) सहायक तह (तह चार र पाँच ) को पदमा अठार वर्ष उमेर पूरा भई ३५ बर्ष ननाघेको (ख) अधिकृत तहको पदमा एक्काइस वर्ष उमेर पूरा भई ३५ बर्ष ननाघेको (ग) महिलाको हकमा चालीस बर्ष उमेर ननाघेको ।

५. **परीक्षाको किसिमः** लिखित प्रयोगात्मक र अन्तर्वार्ता ।

६. **लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ । सो कार्यकम पछि प्रकाशित हुनेछ ।**

७. निम्नलिखित कागजातहरुका दरखास्तसाथ अनिवार्य रुपमा अपलोड गर्नु पर्नेछः-

(क) हालसालै खिचिएको पासपोर्ट साईजको फोटो

(ख) नागरिकताको प्रमाणपत्र

(ग) शैक्षिक योग्यताको प्रमाणपत्र, (न्युनतम शैक्षिक योग्यताको मात्र), चारित्रिक प्रमाणपत्र

(घ) विदेशी शिक्षण संस्थावाट प्रमाणपत्र पाएका उम्मेदवारहरुको हकमा समकक्षताको प्रमाणपत्र

(ङ) सम्वन्धित व्यससायिक परिषदमा दर्ता वा नविकरण हुनेमा सो को प्रमाणपत्र

८. **तलव र सुविधा**: जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीको नियमानुसार

९ परीक्षणकालको अवधिः १ वर्ष तर महिलाको हकमा ६ महिनामात्र

१० दरखास्त दिने अन्तिम मिति २०७९।१२। ०२ सम्म र दोव्वर दस्तुरको लागि २०७९।१२।०९ सम्म ।

११ विज्ञापन रद्द भएको अवस्थामा वाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन ।

१२. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

१३. तोकिएका प्रक्रियाहरु पूरा नभएका दरखास्त फाराम जुनसुकै बेलापनि रद्द हुनेछ । यसरी रद्द हुन गएका दरखास्तहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन ।

**१४. समावेशीतर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरुः**

**(क) आदिवासी/जनजातिकाहकमाः** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जातिको हकमा सोही सुचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सुचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्र

१५. एउटा पदको लागि खुला र समावेशी तर्फका विभिन्न समुहमा समेत आवेदन गर्दा एउटै दरखास्त फाराम भर्नु पर्नेछ । तर दरखास्त फारामको पहिलो पृष्ठ र प्रवेशपत्रमा खुला र समावेशी समुहमध्ये जुन जुन समुहको परीक्षामा समावेश हुने हो सो अनुसार तोकिए वमोजिम खुलाउनु पर्नेछ । उल्लेखित पदहरुको पाठ्यक्रम कम्पनीको वेवसाईट www//hppcl.com.np बाट प्राप्त गर्न सकिनेछ ।

१६. सूचनामा उल्लेख नभएका अन्य कुराहरु जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको मानव संशाधन व्यवस्थापन विनियमावली, २०७७ तथा अन्य प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१७.** यस सम्बन्धमा थप जानकारीका लागि फोन नं. ४९९२१५२, ४९९२१६७ मोवाईल नम्बर ९८४१६१४९८८ मा सम्पर्क गर्न सकिनेछ ।

**सदस्य सचिव**

**पदपूर्ति समिति**